## मिति २०८२/०९/११ गतेको सचिव बैठकका निर्णयहरुः

१. मिति २०८२/०९/१३ गते आइतवार दिनको १.०० बजे माननीय मुख्यमन्त्रीज्यूको संयोजकत्वमा माननीय मन्त्री/राज्यमन्त्री र सबै प्रदेश सचिवज्यू सहितको संयुक्त बैठक आयोजना गर्ने र सबै मन्त्रालय/निकायका सचिवज्यहरुले चालु आ.ब.को स्वीकृत बार्षिक बिकास कार्यक्रमको हालसम्मको कार्यान्वयनको प्रगति, कार्यान्वयन गर्दा आइपरेका समस्या, ती समस्या समाधान गर्न भएका प्रयास, प्रदेश सरकारले समस्या समाधानका लागि थप गरि दिनु पर्ने सहजिकरण के के हुन सक्छन ? संक्षित प्रस्तुतिकरण तयार गरी उपस्थित हुने ।

२. भाद्र २३ र २४ गतेको जेन-जी आन्दोलनबाट पुगेको क्षतिका सम्बन्धमा तत्काल गर्नुपर्ने कार्यको सन्दर्भमा नेपाल सरकारको निर्णयानुसार तत्काल सुधार कार्ययोजना तयार गरी ३ (तीन) दिनभित्र सबै मन्त्रालय/निकायले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

३. नेपालको संबिधानको धारा ५३ बमोजिमको प्रतिवेदनमा समाबेश गर्नु पर्ने आ-आफ्नो मन्त्रालय/निकायसँग सम्बन्धित बिषयबस्तुहरुको विवरण तयार पारी ७ (सात) दिन भित्र सबै मन्त्रालय/निकायले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

४. संघीय समपुरक र बिशेष अनुदानको आयोजना प्रस्ताब गर्ने सम्बन्धमा राष्ट्रिय योजना आयोगबाट मिति २०८२/०८/२६ मा प्रकाशित सुचना अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट मिति २०८२/०९/०१ मा पत्राचार भए बमोजिम प्रदेश नीति तथा योजना आयोगसँग समन्वय गरी आयोजनाको प्राथमिकीकरण सहित गरी सम्बन्धित मन्त्रालयले निर्धारित समयमै आयोजनाको विवरण तयार पारि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

५. भाद्र २३ र २४ गतेको जेन-जी आन्दोलनबाट क्षति भइ प्रयोगमा ल्याउन नसकिने सवारी साधनको लगत कट्टा, बिमा भुक्तानी र मिनाह/लिलाम प्रक्रियाको थालनी सम्बन्धित सबै निकायले गर्ने । सवारी साधनको बिमाबाट प्राप्त रकम पुनः अत्यावश्यक सवारी साधन खरिद गर्ने सम्बन्धमा एकिकृत खरिद योजनाको तयारी आर्थिक मामिला मन्त्रालयले गर्ने।

६. नेपाल सरकार र जेन-जी बीचमा २०८२ मंसिर २५ गते सम्पन्न भएको सम्झौता कार्यान्वयन गर्ने सम्बन्धमा प्रदेशसँग सम्बन्धित बुँदाको हकमा सम्बन्धित मन्त्रालय/निकायले उक्त सम्झौताको कार्यान्वयन कार्ययोजना तयार गरी १५ दिन भित्र कार्यान्वयन प्रक्रिया अघाडि बढाउने र एकजना सम्पर्क व्यक्ति तोकी सोको जानकारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने।

७. नेपाल सरकार र प्रदेश सरकार सचिव बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको प्रगति विवरण निर्धारित समयमै सम्बन्धित सबै मन्त्रालय/निकायले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने व्यवस्था मिलाउने।

८. मिति २०८२ चैत्र २ गतेसम्म प्रदेश सरकार र मातहत मन्त्रालय/निकायबाट जारी भएका ऐन, नियमावली, गठन आदेश, निर्देशिका, कार्यबिधि, मापदण्ड लगायतका कानुनहरु प्रदेश राजपत्रमा प्रकाशित नभएको भए प्रकाशित गर्ने व्यवस्था मिलाई आन्तरिक मामिला तथा कानुन मन्त्रालयले सोको अभिलेखिकरण गर्ने। साथै उल्लेखित कानुनहरु आन्तरिक मामिला तथा कानुन मन्त्रालय र सम्बन्धित मन्त्रालय/निकायको वेवसाईटमा समेत अद्यावधिक गर्ने।

९. संघ, प्रदेश र स्थानीय तह अन्तर सम्बन्ध ऐन, २०७७ बमोजिम गठित प्रदेश समन्वय परिषद्को बैठक आयोजना गर्ने सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रक्रिया अघि बढाउने।

**वैकुण्ठ प्रसाद अर्याल**

**प्रमुख सचिव**

१०. प्रदेश सरकारका सबै मन्त्रालय/निकायहरुले आ-आफ्नो मन्त्रालय/निकायसंग सम्बन्धित आवश्यक विवरणहरु वेवसाईटमा राखि नियमित अद्यावधिक गर्ने।

११. प्रदेश सरकारका सबै मन्त्रालय/निकायले आ-आफ्ना सरकारी सवारी साधनहरुको अनिवार्य बिमा गर्ने गराउने। आगामी आ.ब. देखि सरकारी भवनको सहित बिमा अनिवार्य गर्ने गरी बजेट व्यवस्था मिलाउने।

१२. लम्की चुहा, जोगबुढा र वयालपाटा अस्पतालको सञ्चालन तथा जनशक्ति व्यवस्थापन सम्बन्धमा सामाजिक विकास मन्त्रालयले आवश्यक प्रक्रिया अघि बढाउने।

१३. प्रदेश सरकार मातहतका सैबै मन्त्रालय/निकायहरुले आ-आफ्नो मन्त्रालय र मातहतका निकायहरुको मौजुदा संरचना र दरबन्दीको पुनरावलोकन गर्नु पर्ने भए संगठन तथा व्यवस्थापन सर्वेक्षणको प्रारम्भिक कार्य अगाडी बढाउने।

१४. प्रदेश सरकार मातहतका सबै मन्त्रालय/निकायहरुबाट प्रकाशन र प्रस्तुति गर्ने बिषयबस्तुको ढाँचा लगायतका सम्बन्धमा एकरुपता कायम गर्न सबै मन्त्रालय/निकायसँग समन्वय गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले मापदण्ड तयार गर्ने।

१५. प्रचलित कानुन बमोजिम तोकिएको कार्य वा निर्णय गर्न कुनै निकाय वा पदाधिकारीलाई जिम्मेबारी तोकिएको भए तोकिए बमोजिमकै निकाय वा पदाधिकारीबाट सम्पन्न हुने गरी व्यवस्था मिलाउने।

१६. प्रदेश सरकार मातहतका केहि मन्त्रालय/निकायले आ-आफ्नो सरकारी भवनको अतिरिक्त थप कार्यालयको कार्यकक्ष, स्टोर, गोदाम र सम्पर्क कार्यालय प्रयोजनको लागि आवश्यकता भन्दा बढी निजी घर भाडामा लिएको भन्ने बिषय सार्वजनिक सन्चार माध्यमबाट प्रकाशन/प्रसारण भएको र नियामक निकायबाट समेत सोधनी भएकोले सकभर उक्त प्रयोजनको लागि सरकारी भवनमै व्यवस्थापन गर्ने । अत्यावश्यक भए मात्रै निजी भवन भाडामा लिने व्यवस्था मिलाउने।

वैकुण्ठ प्रसाद अर्याल
प्रमुख सचिव